प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रादेशिक सुशासन केन्द्र

# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

पुन्ना, डोटी

# परामर्शदाताको लागि आशयपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०८/२०**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच सम्झौता भई प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्रको चालु आ.व. २०७७/७८ मा स्वीकृत कार्यक्रम अनुसार तपसिलका विषय/क्षेत्रहरुमा कार्य गर्न/विशेषज्ञ परामर्श सेवा प्रदान गर्न इच्छुक व्यक्ति तथा फर्म, संस्था वा कम्पनीहरुबाट आवश्यक कागजात सहित निवेदन पेश गर्न (तलको बुँदा 'ख' अनुसार) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम यो सूचना प्रकाशन भएकोले माथि उल्लेखित मितिले २१ दिनभित्र तल दिइएको इमेल ठेगानामा रीतपूर्वकको निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ । तोकिएको म्यादपछि पेश भएका र रीतपूर्वकको ढाँचा नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन । यस सम्बन्धी अन्य कुराको हकमा कानून बमोजिम सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

**(क) कार्य क्षेत्र/विषयहरू**

१. पालिकाहरू (उपमनपा, नगरपालिका तथा गाउँपालिका) को आवधिक विकास योजना तर्जुमा,

२. पालिकाहरूको क्षमता विकास योजना, राजश्व सुधार योजना तयारी,

३. स्थानीय शासन, सङ्घीयता, नागरिक उत्तरदायित्व तथा जवाफदेहिता, विपद् व्यवस्थापन सम्बन्धी अध्ययन तथा अनुसन्धान,

४. पालिकाहरूको संस्थागत स्वःमूल्याङ्कन,

५. पालिकाहरूको डिजिटल प्रोफाइल तयारी,

६. पालिकाहरूका निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई योजना तर्जुमा, कानून निर्माण, विपद् व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, स्थानीय शासन, सङ्घीयता, राजश्व व्यवस्थापन, लेखा व्यवस्थापन लगायतका क्षेत्रमा क्षमता विकास ।

**(ख) पेश गर्नु पर्ने आवश्यक कागजातहरु (फर्म, संस्था तथा कम्पनीको हकमा)**

(१) सार्वजनिक खरिद नियमावली (संशोधन सहित) को अनुसूची २.क. बमोजिमको निवेदन (निवेदनको ढाँचा तल दिइएको वेभसाइटको सूचना लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।)

(२) फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी

(३) स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्रतिलिपी

(४) आ.व. २०७६।७७ सम्मको करचुक्ता प्रमाण पत्र

(५) सम्बन्धित क्षेत्रको कार्य अनुभव र कार्यक्षमता खुल्ने कागजातहरु (अधिकतम् १५ पेजसम्म)

(६) दुई वा दुईभन्दा बढि फर्म, संस्था वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म, संस्था वा कम्पनीको नाम, विवरण र नेतृत्व भई काम गर्ने संस्थाको विवरण

(७) माथि उल्लिखित कार्य क्षेत्र/विषयहरुमध्ये आफुले सेवा प्रवाह गर्ने/गर्न सक्ने एक वा एकभन्दा बढी क्षेत्र/विषयहरूको क्रम सङ्ख्या र व्यहोरा समेत खुलाई आशय पत्र पेश गर्न सकिने छ ।

(८) आवेदक संस्था, फर्म वा कम्पनीले पेश गरेका आधिकारिक कागजातहरूमा उल्लिखित विवरणको मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गरिने छ र मूल्याङ्कनमा सफल हुने संस्थाहरूलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावना मार्फत् प्रतिस्पर्धाको लागि आव्हान गरिने छ ।

**(ग) व्यक्तिको हकमा :**

माथि प्रस्तुत बुँदा (क) ६ बमोजिमका क्षेत्र/विषयमा क्षमता विकासका क्रियाकलापमा सहजीकरण/विशेषज्ञ परामर्श सेवा प्रदान गर्न इच्छुक व्यक्तिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेभसाइट http://p7ocmcm.gov.np/ मा सुचना लिङ्कबाट व्यक्तिगत विवरण ढाँचा (CV template) डाउनलोड गरेर आवश्यक आफ्नो विवरण भरी सबै पृष्ठमा दस्तखत गरी स्क्यानकपी इमेल ठेगाना pcggdoti@gmail.com मा निर्धारित मितिभित्र पठाउनु पर्ने छ ।

**(सवै कागजातहरूमा आधिकारिक व्यक्तिको दस्तखत गरी र कार्यालयको छाप लगाई स्क्यान गरी ईमेल मार्फत पठाउनु हुन अनुरोध गरिन्छ ।)**

**निवेदन पेश गर्ने ठेगाना:**

**प्रादेशिक सुशासन केन्द्र**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

पुन्ना डोटी,

इमेल : pcggdoti@gmail.com

थप जानकारीको लागि : फोन : 094-590039 / 9865642591